वर्ष ५ अङ्क १ २०८२ भाद्र (August-September 2025)

नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

## आन्दोलनका क्रममा भएका भौतिक क्षतिबाट बीमा क्षेत्रमा परेको प्रभाव सम्बन्धी छलफल



नेपाल बीमा प्राधिकरणले हालैको आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिबाट बीमा क्षेत्रमा परेको प्रभावका सम्बन्धमा यही २०८२ साल भदौ २९ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल गरेको छ ।

छलफलमा निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बीमा दाबीमध्ये सानो दाबी रकम बीमकले तत्कालै भुक्तानी गर्नसक्ने, त्यसभन्दा माथिको बीमा दाबी भुक्तानीको हकमा नियम बमोजिम पुनर्बीमकले पेश्की स्वरूप अग्रिम रूपमा रकम दिनुपर्ने र तरलता व्यवस्थापनमा पुनर्बीमकले सहजीकरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

साथै, उहाँहरूले आन्दोलनका क्रममा पूर्णरूपमा क्षति भएका भौतिक

संरक्षक
श्री जनक राज शर्मा, अध्यक्ष

सल्लाहकार एवम् संयोजक
श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

प्रकाशन समूह
श्री पुजन दुङ्गेल (अधिकारी), निर्देशक
श्री कुन्दन सापकोटा, निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक

सम्पादन समूह
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार
श्री सुन्दर प्रसाद शर्मा, सहायक निर्देशक
श्री वसन्त प्रसाद बोहोरा, तथ्याङ्कशास्त्री
श्री कमला घर्ती, सहायक प्रथम

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

सम्पत्तिको बीमा दाबी भुक्तानीका सन्दर्भमा विशेष परिस्थितिका कारण सर्भे प्रतिवेदन प्राप्त गर्न नसकिने र वडा कार्यालय तथा प्रहरी कार्यालयहरू पनि क्षतिग्रस्त भएका कारण सिफारिस समेत प्राप्त गर्न कठिन हुने भएकाले न्यूनतम कागजातका आधारमा दाबी भुक्तानीको व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

यसैगरी, पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले बीमकले पुनर्बीमाका लागि प्रस्ताव गर्दा तथ्याङ्क विश्वसनीय हुनुपर्ने उल्लेख गर्दै दाबी भुक्तानीका सन्दर्भमा गर्न सकिने सहयोग गर्न आफूहरू तयार रहेको लगायतका धारणा राख्नुभयो ।

छलफलमा नेपाल बीमा प्राधिकरण कार्यकारी निर्देशक सुशील देव सुवेदीले हालको गैरप्राकृतिक विपद्मा भएका क्षतिको बीमा दाबी भुक्तानीलाई सरल एवम् सहज बनाउन प्राधिकरणले बीमा दाबी भुक्तानी सम्बन्धी सङ्क्षिप्त कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था बीमा नियमावली, २०८१ मा भएको उल्लेख गर्नुहुँदै सोही व्यवस्था बमोजिम तर्जूमा हुने सङ्क्षिप्त कार्यविधिका सम्बन्धमा तीन दिनभित्र राय-सुझावहरू दिन बीमक तथा पुनर्बीमकका प्रमुख कार्यकारी अधिकृतहरूलाई अनुरोध गर्नुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा गरेपछि बीमा दाबी पाइन्छ भन्नेमा सर्वसाधारण आश्वस्त हुने गरी काम गर्न र बीमा दाबी सम्बन्धी तथ्याङ्क सङ्कलन तथा दाबी भुक्तानीमा सहजीकरण गर्न फोकल पर्सन तोकेर सार्वजनिक रूपमा जानकारी दिन बीमकहरूलाई निर्देशन दिनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमकहरूले आफूले बीमा गरेका भौतिक तथा अन्य सम्पत्तिमा भएको क्षतिका बारेमा जानकारी पाएमा त्यसका बारेमा यथाशिघ्र बीमितलाई जानकारी दिएर दाबी भुक्तानी प्रक्रिया अगाडि बढाउनका लागि पहल गर्न समेत निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारी तथा निर्देशक शाम्भराज लामिछाने र निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## विपद्को अवस्थामा बीमा सर्भेयरहरूको भूमिका सम्बन्धी छलफल

नेपाल बीमा प्राधिकरणले हालको गैरप्राकृतिक विपद्को अवस्थामा बीमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउने सम्बन्धमा बीमा सर्भेयरको भूमिकाका सम्बन्धमा यही २०८२ साल भदौ २९ गते बीमा सर्भेयर संघ, नेपालसँग छलफल गरेको छ ।

छलफलमा बीमा सर्भेयर संघका पदाधिकारीहरूले हालको विषम अवस्थालाई ध्यानमा राखी न्यूनतम कागजातका आधारका सर्भे प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्ने, सर्भेयरहरूले समानुपातिरूपमा काम पाउनुपर्ने, क्षति भएका स्थानमा बीमा सर्भेयरले सहजै प्रवेश पाउने व्यवस्था गर्नुपर्ने, सर्भेयरहरूलाई बढी जिम्मेवार बनाउनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा नियमावली, २०८१ मा गम्भीर प्रकृतिको विपद्को समयमा प्राधिकरणले दाबी भुक्तानी सम्बन्धी सङ्क्षिप्त कार्यविधि लागू गर्ने व्यवस्था भए बमोजिम प्राधिकरणले सङ्क्षिप्त कार्यविधि लागू गर्ने तयारी गरिरहेको उल्लेख गर्नुहुँदै त्यस सम्बन्धमा तीन दिनभित्र राय-सुझाव दिन सर्भेयर संघका पदाधिकाहरूलाई आग्रह गर्नुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा सर्भेयरले आफूले प्राप्त गरेको इजाजतपत्रका आधारमा हालको अवस्थामा पनि सहजै काम गर्न सक्ने स्पष्ट गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी), निर्देशक निर्मल अधिकारी तथा निर्देशक शाम्भराज लामिछाने र बीमा सर्भेयर संघ, नेपालका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

# अध्यक्ष पोखरेलबाट पदभार ग्रहण



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सेवन्तक पोखरेलले मिति २०८२ साल असार ३१ गतेदेखि प्राधिकरणमा अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ ।

मन्त्रिपरिषद्को मिति २०८२ साल असार ३० गते बसेको बैठकले अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई अर्को व्यवस्था नभएसम्मका लागि नेपाल बीमा प्राधिकरणको अध्यक्ष भई कामकाज गर्न तोकेको हो ।

यसअघि, उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले अर्थ मन्त्रालयमा अध्यक्ष पोखरेललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।

प्राधिकरणमा कार्यभार सम्हाल्नुहुँदै अध्यक्ष पोखरेलले बीमा ऐन, नियम र निर्देशिकाहरू अक्षरशः पालना गर्दै बीमा कम्पनीहरूको अनुगमन र नियमनलाई कार्ययोजनाका साथ अझै प्रभावकारी रूपमा अगाडि बढाउन निर्देशन दिनुभयो ।

सरकारले आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य मार्फत ल्याएका बीमा सम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनलाई प्राथमिकताका साथ अगाडि बढाउन निर्देशन दिनुहुँदै अध्यक्ष पोखरेलले भन्नुभयो, "संस्थाको उद्देश्य प्राप्ति र बीमा क्षेत्रको विकास एवम् पहुँच विस्तारका लागि टिममा काम गरौँ, संस्थाको जिम्मेवारी ठूलो छ, बीमितको हकहित संरक्षण गर्नुछ, बीमा क्षेत्रको भविष्य राम्रो छ, सबै मिलेर इमान्दारिताका साथ काम गरौँ ।"

अध्यक्ष पोखरेलले बीमा सचेतना मार्फत बीमाको पहुँच बढाउन, बीमा व्यवसायलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाउन, बीमा सेवाको गुणस्तर अभिवृद्धि गर्न र बीमा क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न जिम्मेवारीपूर्वक अगाडि बढ्नु आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा अध्यक्ष पोखरेललाई स्वागत गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा ऐन, नियमले प्राधिकरणलाई सुम्पिएको दायित्व पूर्ण प्रतिवद्धता साथ निर्वाह गर्दै आएको बताउनुभयो ।

यसअघि, अध्यक्ष सेवन्तक पोखरेल प्राधिकरणमा आउनुहुँदा उहाँलाई प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी र निर्देशकहरू लगायत कर्मचारीहरूले खादा, माला र पुष्पगुच्छाले स्वागत गर्नुभएको थियो ।

# बीमाङ्कीय मूल्याङ्कन लगायत समसामयिक विषयमा छलफल



बीमाङ्कीय मूल्याङ्कन लगायत समसामयिक विषयमा छलफल

नेपाल बीमा प्राधिकरणद्वारा बीमाङ्कीय मूल्याङ्कन, बीमालेख डिजाइन तथा मूल्य निर्धारण लगायत समसामयिक विषयमा परामर्शदाता बीमाङ्कीसँग आयोजित तीनदिने अन्तरक्रिया कार्यक्रम मिति २०८२ साल साउन ३० गते ललितपुरको पुलचोकस्थित होटेल स्क्वायरमा सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका परामर्शदाता बीमाङ्की शुभ्रमन्यम कोल्लिमार्लाले बीमाङ्कीय मूल्याङ्कन, बीमालेख डिजाइन तथा मूल्य निर्धारण, आईएफआरएस-१७ कार्यान्वयन र एक्चुअरीहरूको नियुक्ति सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो । परामर्शदाता बीमाङ्की कोल्लिमार्लाले नेपालमा बीमाको पहुँच बढाउनका लागि बीमालेखमा विविधता ल्याएर विभिन्न उमेर समूहलाई बीमाको दायरामा ल्याउनुपर्ने, नवीनतम् बीमा प्रणालीको विकास गर्नुपर्ने, बीमा क्षेत्रका लागि आवश्यक पर्ने दक्ष जनशक्ति सहित पूर्वाधारहरूको विकास गर्नुपर्ने र बीमा सचेतना अभिवृद्धिमा जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै परामर्शदाता बीमाङ्की कोल्लिमार्लाले बीमाको पहुँच अभिवृद्धिका लागि नागरिकको आर्थिक अवस्था हेरी सोही अनुसार बीमालेखको निर्माण गर्नुपर्ने, बीमा शिक्षाको विस्तार गर्नुपर्ने र बीमा गर्नेदेखि दाबी भुक्तानीसम्मका सेवाहरू चुस्तदुरूस्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमको पहिलो दिन परामर्शदाता बीमाङ्की र नेपाल बीमा प्राधिकरणका कर्मचारीहरूबीच नियामकीय दृष्टिकोणमा आधारित भएर छलफल भएको थियो ।

यसैगरी, कार्यक्रमको दोस्रो दिन परामर्शदाता बीमाङ्की र बीमकका प्रोडक्ट/भ्यालुएसन डिपार्टमेन्टका प्रमुखहरूबीच बीमाङ्कीय दृष्टिकोणले अन्तरक्रिया भएको थियो ।

कार्यक्रमको अन्तिम दिन नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुबेदी र निर्देशक पुजन ढुङ्गेल (अधिकारी)को उपस्थितिमा प्राधिकरणका परामर्शदाता बीमाङ्की कोल्लिमार्ला र बीमकका प्रमुख कार्यकारी अधिकृतहरूबीच नेपालमा बीमाको पहुँच बढाउने सम्बन्धी विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमाङ्कीय मूल्याङ्कन, जोखिममा आधारित पूँजी, सोल्भेन्सी, बीमा बजारका समस्या र अपेक्षा लगायतका विषयमा परामर्शता बीमाङ्कीयबाट राय सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी)ले बीमा बजारको विकास र पहुँच वृद्धि गर्ने साझा उद्देश्य हासिल गर्न अझै परिष्कृत रूपमा अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कर्मचारीहरू, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी, लघु जीवन बीमा कम्पनी र लघु निर्जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

कार्यक्रम मिति २०८२ साल साउन २८ गतदेखि ३० गतेसम्म भएको थियो ।

# इञ्जिनीयरिङ बीमा सम्बन्धी समसामयिक विषयमा छलफल

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८२ साल साउन १४ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा इन्जिनियरिङ बीमा सम्बन्धी समसामयिक विषयमा निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी र निर्माण व्यवसायीहरूसँग छलफल सम्पन्न भएको छ ।

इन्जिनियरिङ बीमा अन्तर्गत देखिएका समस्या तथा चुनौतीहरूको समाधानका लागि निर्माण व्यवसायीहरू र बीमकहरूसँग छलफल गरी राय सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले इन्जिनियरिङ बीमा अन्तर्गत देखिएका समस्याहरूको समाधानका लागि सम्बद्ध सरकारी निकाय, बीमा कम्पनी र निर्माण व्यवसायीहरूसँग छलफल गरी निष्कर्ष निकालिने जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले इन्जिनियरिङ बीमा सम्बन्धी प्राविधिक विषयमा नीतिगत तहमा सम्बद्ध निकाय, नियामक र संस्थाहरूसँग छलफल गरी अगाडि बढ्ने उल्लेख गर्नुहुँदै करिव ९० प्रतिशत बीमालेख नेपाली भाषामा भए तापनि बीमा गर्दा बीमालेख राम्रोसँग नपढेका कारण समस्या आउने गरेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारीले म्याद थप भएका ठेक्काको बीमालेख नवीकरण गर्ने सम्बन्धमा त्यस्ता ठेक्काको सङ्ख्या कति छ, त्यसको यकीन भएपछि स्पष्ट गरिने जानकारी दिनुभयो ।

निर्देशक अधिकारीले बीमालेख बीमितको आवश्यकता अनुसार हुनुपर्ने, बीमालेखका सेवा तथा सुविधाहरू स्पष्ट हुनुपर्ने र बीमाप्रतिको बुझाईमा एकरूपता हुनुपर्ने बताउनुभयो ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रबि सिंहले बीमा गरेपछि सुरक्षित भइन्छ भन्ने बारेमा सबैलाई बुझाउनुपर्ने, दबाब र प्रभावले दाबी भुक्तानी पाउने अवस्था आउन नहुने, बीमालेख जारी गर्दा गलत कुरालाई प्रोत्साहन गर्न नहुने र बीमालाई बाध्यकारी नभई विश्वसनीय बताउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमक संघका अध्यक्ष बीरेन्द्र बैदवारले बीमा घोषणा गर्दा सही रूपमा गर्नुपर्ने, बीमा बेच्ने र लिनेले बीमाका प्रावधानलाई एउटै अर्थमा बुझ्नुपर्ने र स्वदेशी पुनर्बीमा कम्पनीले रक्षावरण गरे म्याद थप भएका ठेक्काको बीमालेख नवीकरण गर्न समस्या नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा सहभागी निर्माण व्यवसायीहरूले बीमा कम्पनीहरूले बीमा सर्भेयरले प्रतिवेदन बुझाएपछि क्षतिको निश्चित प्रतिशत भुक्तानी दिनुपर्ने, बीमा गराउँदा बीमालेखका सबै प्रावधानका बारेमा स्पष्ट जानकारी गराउनुपर्ने, बीमाप्रतिको विश्वास बढ्ने गरी काम गर्नुपर्ने, बीमालेखका प्रावधान सरल रूपमा नेपाली भाषामा हुनुपर्ने र बीमालेख नवीकरण, दाबी भुक्तानीका चरण तथा दाबी भुक्तानीका बारेमा अनलाइनका माध्यमबाट बीमितलाई जानकारी दिने व्यवस्था हुनुपर्ने लगायतका विचार व्यक्त गर्नुहुँदै डीएल्पी र एक्सेस सम्बन्धी विषय समेत उठाउनुभएको थियो ।

यसैगरी, निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले सबैले बीमालाई बाध्यताका रूपमा नभई आवश्यकताका रूपमा बुझ्नुपर्ने, बीमालेखका प्रावधानहरू पढेर मात्र बीमा गर्नुपर्ने, अन्तर्राष्ट्रिय अभ्यास र आवश्यकताका आधारमा बीमालेखका प्रावधानहरू थपिँदै गएको र बीमादरमा खासै समस्या नरहेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमक संघका पदाधिकारीहरू तथा निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू तथा नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरू र निर्माण व्यवसायीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका उपनिर्देशक केशव प्रसाद दाहालले गर्नुभएको थियो ।


इन्जिनियरिङ बीमा सम्बन्धी समसामयिक विषयमा छलफल

# जलविद्युत क्षेत्रको बीमा सम्बन्धी समसामयिक विषयमा छलफल



जलविद्युत क्षेत्रको बीमा सम्बन्धी समसामयिक विषयमा छलफल

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८२ साल साउन २२ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा जलविद्युत क्षेत्रको बीमा सम्बन्धी समसामयिक विषयमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (IPPAN), नेपाल बीमक संघ र पुनर्बीमा कम्पनीहरूसँग छलफल सम्पन्न भएको छ ।

जलविद्युत क्षेत्रको बीमाका सम्बन्धमा देखिएका समस्या एवम् चुनौतीहरू, IPPAN ले उठाएका विषय र त्यस सम्बन्धमा नेपाल बीमक संघ तथा पुनर्बीमकहरूको धारणा लगायतका विषयमा छलफल गरी समाधान पहिल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले जलविद्युत क्षेत्रको बीमामा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्दै सेवालाई दिगो एवम् राम्रो बनाउने र लागत न्यून गर्ने सन्दर्भमा पहल शुरु गरिएको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले IPPAN ले उठाएका जलविद्युत क्षेत्रको बीमा सम्बन्धी विषयहरूलाई प्राधिकरणले गम्भीर रूपमा लिएको उल्लेख गर्नुहुँदै जलविद्युत र बीमा, व्यवसाय सँगसँगै सेवा पनि भएकाले यस सम्बन्धी समस्याको समाधानका लागि सन्तुलित विन्दु खोज्नुपर्ने र हाम्रो देशको जस्तै सामाजिक तथा आर्थिक परिवेश भएका र जलविद्युत विकास गर्दै आएका अन्य देशहरूको अभ्यास समेतलाई हेर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले जलविद्युत क्षेत्रको छुट्टै बीमालेख निर्माण, बीमा सचेतना अभिवृद्धि र जलविद्युत क्षेत्रको बीमा सम्बन्धी समस्याहरूको समाधानका लागि आन्तरिक संयन्त्रलाई सबल बनाउनका लागि प्राधिकरणले पहल गर्ने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारीले जलविद्युत क्षेत्रको बीमामा देखिएका समस्या एवम् चुनौतीहरूको समाधानका लागि सम्बद्ध सरोकारवालाहरूबाट सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा IPPAN का पदाधिकारीहरूले जलविद्युत क्षेत्रको बीमाको प्रिमियममा हाल कायम रहेको बीमादरको व्यवस्था हटाउनुपर्ने, खुला बजार अर्थतन्त्रमा माग र आपूर्तिका आधारमा बजारले नै बीमादर निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने, जलविद्युत क्षेत्रको छुट्टै बीमालेख निर्माण गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमक संघका पदाधिकारीहरू र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले नेपालमा जलविद्युत क्षेत्रमा अत्यधिक जोखिम भएको भन्दै अन्तर्राष्ट्रिय पुनर्बीमा कम्पनीहरूले जलविद्युत क्षेत्रको बीमाको पुनर्बीमा गर्न नमानेको, अत्यधिक जोखिमका कारण स्वदेशी पुनर्बीमकले पनि कतिपय अवस्थामा पुनर्बीमा गर्न नसकेको, जोखिम बढेसँगै प्रिमियम नबढेमा आगामी दिनमा जलविद्युत क्षेत्रको पुनर्बीमा नै गर्न नसक्ने अवस्था आउनक्ने देखिएको, जलविद्युत क्षेत्रको बीमा सम्बन्धी समस्याहरू समाधान गर्दै अघि बढ्न जलविद्युत क्षेत्रको छुट्टै बीमालेख निर्माण र सम्बद्ध सबैको सहभागितामा जलविद्युत क्षेत्रको बीमापुल बनाउनु आवश्यक रहेको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (IPPAN) का पदाधिकारीहरू, नेपाल बीमक संघका पदाधिकारीहरू र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

# बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२

नेपाल बीमा प्राधिकरणले जीवन, निर्जीवन, लघु र पुनर्बीमा कम्पनीको वित्तीय स्रोतको लगानीका सम्बन्धमा 'बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२' जारी गरेको छ । प्राधिकरणले मिति २०८२ साल भदौ १७ गते जारी गरेको निर्देशनको अधिनमा रहेर बीमकले लगानी नीति संचालक समितिबाट स्वीकृत गराएर लागू गर्नुपर्नेछ ।

बीमकलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने, बीमकको लगानी विविधीकरण हुने गरी विभिन्न क्षेत्रमा लगानी सक्ने व्यवस्था गर्ने, बीमकको तरलता तथा सम्पत्ति र दायित्वको अवधि मिल्ने गरी लगानी व्यवस्थापन गर्ने र बीमकको लगानी सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले निर्देशन जारी गरिएको हो ।

'बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२' मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

१. बीमकलाई सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंकबाट जारी हुने ऋणपत्रमा लगानी गर्न कुनै प्रकारको बन्देज र सीमा लागू नहुने र जीवन बीमकका लागि नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र वा ऋणपत्रमा कूल लगानीको कम्तीमा ३५ प्रतिशत र निर्जीवन बीमकका लागि ३० प्रतिशत सीमा रहने,
२. जीवन, निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकले प्राधिकरणबाट पूर्वस्वीकृति लिएर कृषि उत्पादन, भण्डारण तथा वितरण, भण्डारण गृह तथा शीत भण्डारण गृह, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण, शिक्षा तथा स्वास्थ्य र लगानी कम्पनी लगायतका क्षेत्रमा व्यवसाय गर्नका लागि सहायक कम्पनीमा लगानी गर्नसक्ने,
३. बीमकको संचालक समितिका अध्यक्ष वा सदस्य वा निजका एकाघरपरिवारका सदस्य सहायक कम्पनीको संचालक समितिको अध्यक्ष वा सदस्य वा व्यवस्थापकीय जिम्मेवारीमा नरहेको हुनुपर्ने,
४. बीमक आफैले संस्थापना गर्ने सहायक कम्पनीमा लगानी गर्नका लागि प्राधिकरणबाट अन्तिम स्वीकृति प्राप्त गरेको मितिले एक महिनाभित्र लगानी गरिसक्नुपर्ने,
५. सहायक कम्पनीले निष्काशन गर्ने कुनै पनि सुरक्षणपत्रहरू तथा उपकरणमा बीमकले लगानी गर्न नपाउने,
६. बीमकले घरजग्गा व्यवसायमा रहेको लगानीको कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्ने,
७. बीमकले कूल लगानीका आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्ने,
८. बीमकले बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको हुनुपर्ने,
९. जीवन र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा 'क' बर्गको बैंकको मुद्दति निक्षेपमा कूल लगानीको कम्तीमा ३० प्रतिशत, 'ख' बर्गको बैंक तथा वित्तीय संस्थाको मुद्दति निक्षेपमा कूल लगानीको बढीमा १५ प्रतिशत र 'ग' बर्गको बैंक तथा वित्तीय संस्थाको मुद्दति निक्षेपमा बढीमा ७ प्रतिशत लगानीको सीमा रहने,
१०. बीमकले लगानी व्यवस्थापन गर्नका लागि लगानी सम्बन्धी कार्यको अनुभव भएको उच्च व्यवस्थापन तहको कर्मचारीको मातहतमा रहने गरी एक ' लगानी व्यवस्थापन इकाई' स्थापना गर्नुपर्ने,
११. बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्यालगरी लगानी गर्नुपर्ने,
१२. जीवन बीमा व्यवसाय तथा लघुजीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो प्रत्येक पोर्टफोलियोको जीवन बीमा कोष र उक्त पोर्टफोलियो अन्तर्गत प्राप्त प्रिमियम लगायतका अन्य आम्दानीबाट प्राप्त रकमको लगानी तथा सम्पत्तिको अलग अलग व्यवस्थापन गर्नुपर्ने,
१३. बीमकले आफ्नो कोषमा रहेको रकममध्ये नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्ने,
१४. बीमकले प्रत्येक त्रैमास समाप्त भएको सात दिनभित्र लगानीको विवरण IRMIS पोर्टल मार्फत प्राधिकरणमा पेश गर्नुपर्नेछ ।

# बीमकको विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी निर्देशन, २०८२

नेपाल बीमा प्राधिकरणले बीमकले पुनर्बीमा, रेट्रोशेसन र विदेशबाट आयात गर्ने परामर्श सेवा वापत भुक्तानी गर्नुपर्ने विदेशी मुद्रा सटही सिफारिस गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित गर्नका लागि 'बीमकको विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी निर्देशन, २०८२' जारी गरेको छ ।

प्राधिकरणले मिति २०८२ साल भदौ १८ गते जारी गरेको 'बीमकको विदेशी मुद्रा सटही सफारिस सम्बन्धी निर्देशन, २०८२' मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

१. बीमकले विदेशी बीमक वा पुनर्बीमक वा नेपाल रहेका बीमकमा लगानी गर्ने विदेशी लगानीकर्ता वा बीमकलाई सेवा प्रदान गर्ने विदेशी सेवाप्रदायक संस्थालाई सिधै वा बीमा दलालको संलग्नतामा गरिएको पुनर्बीमासँग सम्बन्धित पुनर्बीमा शुल्क तथा बीमा दाबी रकम, लाभांश फिर्ता र परामर्श सेवा लिए वापतको रकम भुक्तानी प्राधिकरणको सिफारिस लिएर मात्र गर्नुपर्ने,

२. बीमकले विदेशी लगानीसँग सम्बन्धित प्रचलित कानून र नेपाल राष्ट्र बैंकले विदेशी विनिमय व्यवस्थापन सम्बन्धमा जारी गरेका निर्देशन समेत पालना गर्नुपर्ने,

३. पुनर्बीमा शुल्कको विदेशी मुद्रा सटही सिफारिस माग गर्दा ट्रिटी पुनर्बीमा वा रेट्रोशेसन र ऐच्छिक (फ्याकल्टेटिभ) पुनर्बीमा वा ऐच्छिक (फ्याकल्टेटिभ) रेट्रोशेसन पुनर्बीमाका लागि तोकिए बमोजिमका कागजातहरू प्राधिकरणमा पेश गर्नुपर्ने,

४. विदेशी बीमक वा विदेशी ब्रोकरलाई बीमाको दाबी वापतको भुक्तानी गर्दा ट्रिटी वा (फ्याकल्टेटिभ) हिसाव-किताव मिलान गरी तोकिए बमोजिमका कागजात संलग्न गरी प्राधिकरणमा पेश गर्नुपर्ने,

५. बीमकले बीमाङ्कीको पारिश्रमिक, विशेषज्ञ सेवा, क्रेडिट रेटिङ्ग सेवा तथा परामर्श सेवा शुल्क, विदेशी सर्भेयरको पारिश्रमिक, सफ्टवेयर सम्बन्धी भुक्तानी र तेस्रो पक्ष सहजकर्ताका लागि निर्देशनमा तोकिएका कागजातहरू संलग्न गर्नुपर्ने,

६. पुनर्बीमा वा रेट्रोशेसन वापत विदेशी मुद्रा सटही सिरफारिस गर्दा प्राधिकरणले जारी गरेको 'बीमकको पुनर्बीमा निर्देशिका' बमोजिम सूचीकरण भएका विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल र सोही निर्देशिका बमोजिमको रेटिङ्ग प्राप्त पुनर्बीमकका लागि मात्र सिफारिस गरिने,

७. बीमकले विदेशी मुद्रा सटही सिफारिस मागका लागि पेश गरेका कागजातहरू तथा स्वीकृतिपत्र कार्य सम्पन्न भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नुपर्ने,

८. बीमकले भुक्तानी गरेको विदेशी मुद्राको विवरण तोकिए बमोजिमको ढाँचा वा प्रणालीमा प्रत्येक चौमास समाप्त भएको मितिले १५ दिनभित्र प्राधिकरणमा पेश गर्नुपर्नेछ ।



# सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ जारी

नेपाल बीमा प्राधिकरणले 'सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२' जारी गरेको छ । सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र बीमा ऐन, २०७९ बमोजिमको अधिकार प्रयोग गरी प्राधिकरणले निर्देशन जारी गरेको हो । प्राधिकरणले मिति २०८२ साल भदौ ४ गते स्वीकृत गरी जारी गरेको निर्देशन स्वीकृत मितिले ३१औँ दिनदेखि लागू हुनेछ ।

सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

१. बीमकले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी छुट्टाछुट्टै नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्ने,

२. बीमकले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्ने,

३. बीमालेख जारी गर्दा, बीमालेख धितो राखी ऋण प्रदान गर्दा, बीमालेख समर्पण गर्दा वा बीमालेख अन्तर्गत अन्य कुनै पनि प्रकारले भुक्तानी गर्दा उच्चपदस्थ व्यक्ति पहिचान हुने संयन्त्र स्थापना गर्नुपर्ने,

४. बीमकले उच्च जोखिम देखिएका ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गर्नुपर्ने,

५. वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको, निजको बीमा अवधि वा निजसँग व्यावसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले कम्तीमा पाँच वर्षसम्म राख्नुपर्ने,

६. बीमकले न्यून जोखिम देखिएका ग्राहकको पहिचान प्रक्रिया अवलम्बन गर्दा वा सोको सम्पुष्टि गर्दा सरलीकृत पद्धतिको विकास गर्नुपर्ने,

७. बीमकले विद्यमान ग्राहक तथा वास्तविक धनीको विवरणको विद्युतीय अभिलेख राखी आवश्यक परेका बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नुपर्ने,

८. बीमकले बीमितसँगको कारोबारको जोखिमको प्रकृति अनुसार निरन्तर अनुगमन गरी अद्यावधिक गर्नुपर्ने,

९. बीमकले एकमुष्ट वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी बीमा कारोबार भएका प्रत्येक ग्राहकको कारोबारको विवरण यथाशिघ्र वा कारोबार भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईमा विद्युतीय सफ्टवेयर goAML System मार्फत जानकारी दिनुपर्ने,

१०. बीमकले एक लाख रूपैयाँभन्दा बढी एकल बीमाशुल्क भुक्तानी हुने बीमालेख, १० लाख रूपैयाँभन्दा बढी बीमाङ्क भएका समर्पण, पुनर्जागरण, रद्द र ऋण प्रदान गरिएका तथा शर्त परिमार्जन गरिएका बीमालेख, विदेशी ग्राहकसँगको कारोबार र पहिचान नखुलेको

कारोबार लगायतका खास कारोबारमा विशेष ध्यान दिनुपर्ने,

११. बीमकले खास कारोबारका सम्बन्धमा जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार वा गतिविधि प्रतिवेदन (Suspicious Transaction or Activity Report-STR/SAR) वित्तीय जानकारी इकाईले जारी गरेको STR/SAR Guidelines बमोजिम पेश गर्नुपर्ने,

१२. बीमकले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा (थ्रेसहोल्ड) कारोबार सम्बन्धी मार्गदर्शन, शंकास्पद कारोबार वा गतिविधि सम्बन्धी मार्गदर्शन, goAML System सम्बन्धी Operational Cuidelines तथा मार्गदर्शन पालना गर्नुपर्ने,

१३. बीमकले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न/गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति र साधन स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित बीमकको संचालक समितिको हुने,

१४. बीमकले संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्ने,

१५. बीमकले वार्षिक परिपालन प्रतिवेदन परिपालना परीक्षकबाट सम्परीक्षण गराई आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र प्राधिकरणमा पेश गर्नुपर्ने,

१६. बीमकले ऐन, नियमावली तथा यस निर्देशनको अनुकूल हुने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा बीमा नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय संगठन (International Association of Insurance Supervisors) फाइनान्सियल एक्सन टाक्स फोर्स (Financial Action Task Force), एफएटिएफ स्टाइल रिजनल बडिज् (FATF Style Regional Bodies) वा यस सम्बन्धमा अध्ययन अनुसन्धन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले प्रकाशन गरेका अध्ययन प्रतिवेदनलाई समेत आधार लिन सक्ने,

१७. बीमकले बीमित वा बीमितको एकाघरको परिवार वा बीमायोग्य हित कायम भएको व्यक्ति वा संस्थाबाट मात्र बीमाशुल्क लिने व्यवस्था गर्नुपर्ने,

१८. बीमकका पदाधिकारी तथा कर्मचारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई दिन नहुने,

१९. बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले आतङ्ककारी कार्यमा वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकूलाई भौतिक सहयोग वा साधन उपलब्ध गराउन तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बीमालेख वा बीमा सेवा उपलब्ध गराउन नहुने,

२०. बीमकले आतङ्ककारी कार्य तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार निरूत्साहित गर्नका निमित्त आतङ्ककारी कार्यमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकूसँग कुनै पनि कारोबार गर्न नहुने,

२१. ऐन वा नियमावली वा यस निर्देशनको व्यवस्थाको कार्यान्वयन नगर्ने बीमक वा त्यस्तो बीमकका पदाधिकारी तथा कर्मचारीहरूलाई १० लाख रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म जरिवाना र इजाजतपत्र खारेजसम्मको सजाय हुनेछ ।

# बीमकको पुनर्बीमा निर्देशन, २०८० को प्रथम संशोधन

नेपाल बीमा प्राधिकरणले बीमकको पुनर्बीमा निर्देशिका, २०८० को प्रथम संशोधन गरेको छ । प्राधिकरणले मिति २०८० साल जेठ ९ गते जारी गरेको निर्देशिकालाई मिति २०८२ साल साउन ८ गते प्रथम संशोधन गरेको हो ।

पुनर्बीमा व्यवसाय सम्बन्धी व्यवस्था तर्जुमा गरी जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको पुनर्बीमा व्यवस्थालाई व्यवस्थित गर्नका लागि जारी गरिएको 'बीमकको पुनर्बीमा निर्देशिका, २०८० (प्रथम संशोधन)' मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

१. बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको पुनर्बीमा गराउनुपर्ने,

२. बीमकले पुनर्बीमक छनौट गर्दा नेपाल प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरेका वा आफ्नो देशको बीमा नियमनकारी निकायबाट इजाजतपत्र प्राप्त गरी प्राधिकरणमा सूचिकृत विदेशी पुनर्बीमकसँग पुनर्बीमा गराउनुपर्ने,

३. बीमकले आफ्नो नेटवर्थका आधारमा बीमाको प्रकार (पोर्टफोलियो) अनुसार पुनर्बीमा गराउनुपर्ने,

४. बीमकले ट्रिटी पुनर्बीमा अन्तर्गत प्रत्यक्ष हिस्सा स्वदेशी पुनर्बीमकलाई प्रदान गरेपश्चात् बाँकी रहेको हिस्साको कम्तीमा ३० प्रतिशत पुनर्बीमा बराबर हुनेगरी स्वदेशी पुनर्बीमकलाई प्रदान गर्नुपर्ने,

५. बीमकले जीवन बीमा, मोटर बीमा, कृषि, पशुपन्छी तथा जडिबूटी बीमा, हुलदङ्गा तथा आतङ्कवाद बीमा र विविध बीमा (यात्रा, ट्रेकिङ तथा स्वास्थ्य बीमा बाहेक) को स्वदेशमा नै शत्प्रतिशत पुनर्बीमा गर्नुपर्ने र त्यसरी प्राप्त पुनर्बीमा स्वदेशी पुनबीमा कम्पनीले अस्वीकार गर्न नपाउने,

६. पुनर्बीमा व्यवस्था बमोजिम स्वदेशी बीमकहरूले अर्को स्वदेशी बीमक वा बीमकहरूसँग आन्तरिक फ्याकल्टेटिभ पुनर्बीमा गर्न सक्ने,

७. नेपाली नागरिकको बीमायोग्य हित रहेको विदेशस्थित सम्पत्ति तथा दायित्वको नेपाली बीमकहरूले नेपालमा नै बीमा गर्न सक्ने र त्यस्तो बीमा वापत कुनै दाबी परेमा नेपालभित्रै नेपाली मुद्रामा दाबी भुक्तानी गर्न सक्ने,

८. विदेशी पुनर्बीमक तथा पुनर्बीमक दलाल नेपाल बीमा प्राधिकरणमा सुचीकृत हुनुपर्ने र प्रत्येक वर्ष सूचीकरण नम्बरलाई प्राधिकरणबाट नवीकरण गराउनुपर्ने,

९. प्राधिकरणबाट सूचीकरण नम्बर प्राप्त गरेका पुनर्बीमा दलालले वि.सं. २०८२ साल पुस मसान्तभित्र शाखा तथा सम्पर्क कार्यालय वा संयुक्त लगानीका कार्यालय स्थापना गरिसक्नुपर्ने,

१०. बीमकले नेटवर्थ, पुनर्बीमा जोखिमाङ्कन, जोखिम खूद धारण क्षमता तथा समग्र वित्तीय क्षमता बमोजिम उपयुक्त पुनर्बीमा नीति तयार गरी लागू गर्नुपर्ने,

११. बीमकले पुनर्बीमा गराउँदा जोखिमको पर्याप्त मात्रामा विविधीकरण हुने गरी पुनर्बीमा विविधीकरणको व्यवस्था गर्नुपर्ने,

१२. बीमकले आफूले जारी गर्ने प्रत्येक बीमालेख अन्तर्गत आफूले धारण गरेको अंशको जोखिम वा पुनर्बीमा व्यवस्था अनुसार हुनआउने अधिक जोखिमको पर्याप्त मात्रामा महाविपत्ति पुनर्बीमा सम्बन्धी व्यवस्था गर्नुपर्ने,

१३. बीमकले आफै वा पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गर्न सक्ने,

१४. बीमकहरूले बीमा वा पुनर्बीमा व्यवसायको कुनै खास जोखिम वा पोर्टफोलियो सम्बन्धी सामूहिक बीमा कोष खडा गर्न आवश्यक ठानेमा प्राधिकरणमा निवेदन दिनसक्ने ।

# बीमालेखको सुरक्षणमा दिइएका कर्जाका बारेमा स्पष्ट जानकारी दिन बीमकहरूलाई निर्देशन

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूले बीमालेखको सुरक्षणमा बीमितलाई दिएको कर्जा रकम, ब्याज गणना विधि, कर्जा भुक्तानी गर्नुपर्ने समय-तालिका र भुक्तानी नगर्दा हुने परिणामका बारेमा विद्युतीय माध्यम वा पत्रमार्फत स्पष्ट बुझिने गरी समयमैं जानकारी दिन सबै बीमा कम्पनीलाई निर्देशन दिएको छ ।

बीमा कम्पनीहरूले बीमालेख सुरक्षणमा प्रदान गरिएका कर्जा असुलीका क्रममा भुक्तान हुन बाँकी रहेको कर्जा रकम तथा ब्याजको गणना विधिका सम्बन्धमा बीमितलाई पर्याप्त जानकारी नदिने र अन्तिममा परिपक्व भुक्तानी तथा दाबी रकमबाट कट्टा गर्ने गर्दा बीमित तथा हिताधिकारीलाई मर्का परेको भनी गुनासाहरू आएको सन्दर्भमा प्राधिकरणले मिति २०८२ साल भदौ ८ गते बीमा कम्पनीहरूलाई त्यस्तो निर्देशन दिएको हो ।

प्राधिकरणले दिएको निर्देशनमा भनिएको छ, 'बीमा कम्पनीहरूले बीमालेख सुरक्षणमा बीमितलाई कर्जा दिंदा कर्जा रकम, ब्याज गणना विधि, कर्जा भुक्तानी गर्नुपर्ने समय-तालिका र भुक्तानी नगर्दा हुने परिणामका बारेमा कर्जाको ब्याज भुक्तानी गर्ने अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस (३०) दिन अगावै बीमितले स्पष्ट बुझ्ने गरी एसएमएस वा इमेल वा पत्रमार्फत अनिवार्य जानकारी गराउने व्यवस्था गर्न/गराउन परिपत्र गरिएको छ ।'

प्राधिकरणले बीमा कम्पनीहरूले ऋण तथा व्याज असुलीका लागि स्मरणपत्र वा जानकारी दिई वीमितको ध्यानाकर्षण गर्नु उनीहरूको कर्तव्य भएको समेत स्मरण गराएको छ ।

# नेपाल बीमा प्राधिकरण कर्मचारी संगठनको तेस्रो अधिवेशन

नेपाल बीमा प्राधिकरण कर्मचारी संगठनको तेस्रो अधिवेशन मिति २०८२ साल भदौ २० गते ललितपुरमा सम्पन्न भएको छ । अधिवेशनको उद्घाटन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सेवन्तक पोखरेलले प्राधिकरण नियामक निकाय भएकाले सोही अनुसार जिम्मेवारीपूर्वक काम गर्न र सबै बीमा कम्पनीहरूलाई समान व्यवहार गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष पोखरेलले प्राधिकरणका कामकारवाहीमा ढिलासुस्ती नगर्न तथा हुने कामलाई हुन्छ भन्न र नहुने काम यो कारणले हुँदैन भनेर कारण सहित जानकारी दिन पनि निर्देशन दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले कर्मचारी संगठनहरूले प्रोफेशनल भएर काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी) र निर्देशक कुन्दन सापकोटाले अधिवेशनको सफलताको शुभकामना दिनुभएको थियो ।

नेपाल बीमा प्राधिकरण कर्मचारी संगठनका अध्यक्ष दिपक ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनका पूर्वअध्यक्ष पूर्णबहादुर थापा र नेपाल बीमा प्राधिकरण कर्मचारी संगठनका संस्थापक अध्यक्ष पदम प्रसाद सोडारीले कर्मचारीहरूको हक हितका बारेमा चर्चा गर्नुभएको थियो ।






# दिपक ज्ञवालीको अध्यक्षमा नयाँ कार्यसमिति चयन

नेपाल बीमा प्राधिकरण कर्मचारी सङ्गठनको तेस्रो अधिवेशनले दिपक ज्ञवालीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा केशब राज भण्डारी, उपाध्यक्षमा सुरेन्द्र चौलागाईं, महासचिवमा सागर आचार्य, सचिवमा भुमा कुमारी आचार्य र कोषाध्यक्षमा सुष्मा पौडेल चयन हुनु भएको छ ।

यसैगरी, सङ्गठनका सदस्यहरूमा अन्जना शर्मा, सचिन राई, जोतिराज जोशी, मान बहादुर चौधरी र हरेराम श्रेष्ठ चयन हुनुभएको छ ।

# कोशी प्रदेश कार्यालय

## महिलाहरूसँग बीमा साक्षरता कार्यक्रम

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ ८ गते विराटनगरमा राधेश्याम महिला समूह तथा बीमा कम्पनीका महिला कर्मचारीहरूसँग बीमा साक्षरता सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको महत्व, वित्तीय सुरक्षामा बीमाको भूमिका र महिला सशक्तीकरणमा बीमाको योगदान लगायतका विषयमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमाको परिचय, महत्व, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले कार्यक्रमबाट बीमाका बारेमा धेरै जानकारी पाएको र यसबाट बीमा गर्नु आवश्यक छ भन्ने महसुस भएको बताउनुभयो ।

कार्यक्रममा राधेश्याम महिला समूहका पदाधिकारी तथा सदस्यहरू र बीमा कम्पनीका प्रदेश कार्यालयका महिला कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# मधेश प्रदेश कार्यालय

## विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ ४ गते पर्सा जिल्लाको बहुदरमाई नगरपालिका-४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक अजय यादवले बीमा सम्बन्धी जिज्ञासाहरूलाई सहज रूपमा बुझ्नका लागि कार्यक्रम निकै उपयोगी रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका कार्यवाहक प्रमुख शिव प्रसाद खनालले विद्यालयलाई आफ्ना भवन लगायतका भौतिक सम्पत्तिको बीमा गरी वित्तीय रक्षावरण गर्न र शिक्षक तथा विद्यार्थीहरूको सामूहिक दुर्घटना बीमा गर्नका लागि आवश्यक व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमाका फाइदा, कृषि, पशुपन्छी तथा जडिबूटीमा बीमालेखका विशेषता, दाबी भुक्तानी प्रक्रिया, बीमा गर्दा ध्यान दिनुपर्ने कुरा, बीमा अभिकर्ता सम्बन्धी व्यवस्था, बीमा सम्बन्धी गुनासा र उजूरी फछ्र्यौटको प्रक्रिया लगायतका विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ १८ गते बारा जिल्लाको जीतपुर स्थित फकिरा गिरी राजेश्वरी गिरी माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि फकिरा गिरी राजेश्वरी गिरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु कुमार सिंहले बीमा सचेतना अभिवृद्धिका लागि बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरू गाउँ गाउँसम्म गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय कार्यालयका कार्यवाहक प्रमुख शिव प्रसाद खनालले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै बीमाको महत्वका बारेमा गाउँघर र समाजमा जानकारी दिन शिक्षक तथा विद्यार्थीहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमाको परिचय, बीमा अभिकर्ताको भूमिका, बीमालेखका विशेषता, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ २० गते नेपाल पत्रकार महासंघ, सिराहा शाखासँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी प्रक्रिया सम्बन्धमा बीमा कम्पनीको भूमिका प्रभावकारी नरहेको, बीमा कम्पनीहरूले दाबी भुक्तानीमा ध्यान नदिएको, तेस्रो पक्ष दाबी भुक्तानीमा कानूनी समस्या सिर्जना हुने गरेको, दाबी भुक्तानी पाउन बीमितले सास्ती व्यहोर्नु परेको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

साथै, उहाँहरूले पत्रकार बीमालेखको रक्षावरणको दायरा विस्तार गर्नुपर्ने, कृषि बीमाको सिफारिस व्यवस्थालाई सहज बनाउनुपर्ने, बीमाको पहुँच विस्तारका लागि राज्यका विभिन्न निकायहरूसँग समन्वय गरी अघि बढ्नुपर्ने, बीमा सचेतना अभिवृद्धिमा जोड दिनुपर्ने लगायतका सुझावहरू पनि दिनुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका कार्यवाहक प्रमुख शिव प्रसाद खनालले बीमा दाबी भुक्तानी प्रक्रियालाई छिटोछरितो र पादरर्शी बनाउन बीमा कम्पनीहरूलाई निर्देशन दिइएको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, सिराहा शाखाका पदाधिकारीहरू सहित विभिन्न संचार माध्यमका आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।

# गण्डकी प्रदेश कार्यालय

## बीमकका प्रदेश कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल साउन १८ गते बीमा कम्पनीहरूका गण्डकी प्रदेशस्थित प्रदेश कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बीमा कम्पनीहरूका गण्डकी प्रदेशस्थित प्रदेश कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## तनहुँ उद्योग वाणिज्य संघसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ २३ गते तनहुँ उद्योग वाणिज्य संघसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा तनहुँ उद्योग वाणिज्य संघका पदाधिकारीहरू सहित उद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो ।

# लुम्बिनी प्रदेश कार्यालय

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा रूपन्देही जिल्लाको मायादेवी गाउँपालिका र कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

रूपन्देही जिल्लाको मायादेवी गाउँपालिकासँग मिति २०८२ साल भदौ १८ गते भएको कार्यक्रममा प्रमुख अतिथि मायादेवी गाउँपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरीले गाउँपालिकाका योजना तथा कार्यक्रममा बीमालाई समावेश गर्ने र सबै किसिमका अनुदानलाई बीमासँग आवद्ध गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले गाउँपालिकाले सीमान्तकृत बर्ग, जोखिममा रहेका नागरिक र विपन्न वर्गलाई बीमामा आवद्ध गर्ने, स्वास्थ्य, कृषि, पशु कार्यालयका कर्मचारीहरूको बीमा गर्ने र एकल महिला तथा अपाङ्गता भएका बालबालिकाहरूको बीमा गर्ने जानकारी दिनुभयो ।

यसैगरी, कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकासँग मिति २०८२ साल भदौ २३ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि मायादेवी गाउँपालिकाका उपाध्यक्ष सरस्वती यादवले बीमाको पहुँच अभिवृद्धिका लागि बीमा सचेतना कार्यक्रम संचालनलाई व्यापकता दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै गाउँपालिकाले बीमा प्रयोजनका लागि छुट्टै बजेट विनियोजन गर्ने जानकारी दिनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख जमुना अर्यालले न्यून आय भएका बर्ग र विपन्न बर्गको बीमा गरिदिन तथा गाउँपालिकाका भौतिक सम्पत्तिको बीमा गरी आर्थिक जोखिमको रक्षावरण गर्न सम्बन्धित गाउँपालिकासँग आग्रह गर्नुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूबाट समयमा नै बीमा दाबी भुक्तानी हुने सुनिश्चितता गर्नुपर्ने, कृषि बीमाको दाबी प्रक्रियालाई सरल एवम् शीघ्र बनाउनुपर्ने, गाउँपालिकाका हरेक कार्यक्रमलाई बीमासँग जोड्नुपर्ने, कृषकले प्रयोग गर्न सक्ने गरी कषि बीमा सम्बन्धी अनलाइन प्रणालीलाई परिमार्जन गर्नुपर्ने, कृषि बीमा गर्न नमान्ने बीमा कम्पनीलाई कारवाहीको दायरामा ल्याउनुपर्ने, पर्याप्त संख्यामा कृषि प्राविधिकको व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, विभिन्न कार्यालयका कर्मचारी र बीमकका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## बैंक तथा वित्तीय संस्थाका प्रदेश तथा शाखा प्रमुखहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा मिति २०८२ साल भदौ १५ गते बैंक तथा वित्तीय संस्थाका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्न, नागरिकको धनसम्पत्तिको सुरक्षा गर्न र वित्तीय क्षेत्रप्रति विश्वास कायम राख्न बैंक तथा बीमा क्षेत्रका नियामक निकायहरूबीचको सहकार्य महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बैंकबाट कर्जा प्रवाह गर्दा सम्पूर्ण सम्पत्तिको नभई कर्जा रकम बराबरको मात्र बीमा गर्ने प्रचलनले न्यून बीमाङ्क कायम हुने र त्यसले गर्दा दाबी भुक्तानीमा बीमितले वास्तविक क्षतिभन्दा न्यून क्षतिपूर्ति पाउने समस्या देखिएको उल्लेख गर्नुहुँदै यसलाई सम्बोधन गर्नका लागि आवश्यक सहजीकरण मार्फत सम्पूर्ण सम्पत्तिको नै बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयका प्रमुख राजन प्रसाद रेग्मीले बैंक र बीमा अर्थतन्त्रका दुईवटा आधारस्तम्भ भएकाले यी क्षेत्रका समस्याको समाधानका लागि दुबै नियामक निकाय मिलेर अघि बढ्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक एवम् सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि बैंकिङ र बीमा क्षेत्र आपसी समन्वय एवम् सहकार्यका साथ अघि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले कर्णाली प्रदेशमा बीमा क्षेत्रको विद्यमान अवस्था सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनी र वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थाहरूका कर्णाली प्रदेशस्थित प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रशिक्षण

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा मिति २०८२ साल भदौ १६ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले बीमकका कर्मचारीहरूलाई आ-आफ्नो जिम्मेवारी निष्ठापूर्वक निर्वाह गर्न निर्देशन दिनुभयो । कार्यकारी निर्देशक सुवेदीले कानूनले निर्देश गरेको परिधिभित्र रहेर व्यवसाय गर्न र बीमितको हित प्रवर्द्धनलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक एवम् सम्पत्ति शुद्धीकरण निवारण शाखाका प्रमुख पदम प्रसाद सोडारीले AML/CFT जोखिम सम्बन्धी दृष्टिकोण, AML/CFT सम्बन्धी समसामयिक विषयवस्तु, AML/CFT सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व र AML/CFT कार्यान्वयनमा बीमकका शाखा प्रमुखहरू तथा मध्यस्थकर्ताहरूको भूमिका लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्थित बीमकका कार्यालयका प्रमुख, सुर्खेत जिल्लास्थित शाखा प्रमुख र जोखिमाङ्कन हेर्ने कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो ।

# बीमकका प्रदेश कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ १ गते जीवन तथा लघु जीवन बीमाका प्रदेश कार्यालयका प्रमुखहरू र भदौ २ गते निर्जीवन तथा लघु निर्जीवन बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा गत आर्थिक वर्षको वार्षिक कार्यक्रमको समीक्षा गरिनुका साथै बीमा कम्पनीहरूले पालना गर्नुपर्ने वित्तीय अनुशासन, बीमा दाबी भुक्तानीको विद्यमान अवस्था, बीमकहरूको सामाजिक उत्तरदायित्व, केवाईसी प्रक्रिया र बीमकको स्थलगत निरीक्षणका क्रममा देखिने कैफियतहरूको न्यूनीकरण गर्न ध्यान दिनुपर्ने लगायत बीमा सम्बन्धी समसामयिक विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निल प्रसाद लामिछानेले विपन्न तथा सीमान्तकृत बर्गलाई समेत समेट्ने गरी कार्यक्रमहरू संचालन गर्न बीमकहरूलाई निर्देशन दिनुभयो ।

# सुदूरपश्चिम प्रदेश कार्यालय

## शिक्षक र विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ २२ गते कैलालीको टिकापुरमा सप्तऋषि माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि सप्तऋषि माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेश कुमार थापाले समुदायमा बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि कार्यक्रम निकै उपयोगी भएको बताउनुभयो ।

सप्तऋषि माध्यमिक विद्यालयका प्रधानाध्यापक लिखराम चौधरीले बीमा गर्दा हुने लाभका बारेमा जानकारी दिएर बीमालाई अनिवार्य गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने क्रममा प्राधिकरणले विद्यालयका विद्यार्थीहरूको सहभागितामा बीमा सम्बन्धी निबन्ध र हाजिर जवाफ प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिनुभयो । कार्यक्रममा विद्यार्थीहरूले बीमाको महत्व, दाबी भुक्तानी प्रक्रिया, बीमा अभिकर्ता र बीमा सर्भेयरको इजाजतपत्र प्राप्त गर्ने प्रक्रिया, बीमा अभिकर्ताको भूमिका र स्वास्थ्य बीमाको दाबी भुक्तानीमा भोग्नुपरेका समस्या लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा सप्तऋषि माध्यमिक विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## महिला समूहसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल भदौ २३ गते धनगढीमा महिला समूहसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि महिला समूहकी अध्यक्ष रामदासी चौधरीले कार्यक्रमको आयोजनाबाट स्थानीयस्तरमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका साथै बीमाको पहुँच वृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख केदार नाथ भट्टले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै गाउँघर र समाजमा बीमा सम्बन्धी चेतना विस्तारमा महिला समूहको भूमिका निकै महत्वपूर्ण रहेको बताउनुभयो । कार्यक्रममा सहभागीहरूले बीमाको पहुँच विस्तारमा लघुबीमाको भूमिका, सामूहिक जीवन बीमाको विद्यमान अवस्था, दाबी भुक्तानी सम्बन्धी कानूनी प्रावधान, बीमा अभिकर्ताको काम, कर्तव्य र अधिकार, बीमा सम्बन्धी गुनासो सुनुवाईको व्यवस्था लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा महिला समूहका पदाधिकारी र सदस्यहरूका साथै नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटीका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।